वारागुङ मुक्तिक्षेत्र गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कागवेनी, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**ठेक्का प्रकृयाबाट पार्किङ शुल्क तथा कर संकलनको दरभाउपत्र आहान सम्बन्धी १५ दिने सूचना**

प्रथम पटक प्रकाशित मितिः- २०८१/०३/१६

यस वारागुङ मुक्तिक्षेत्र गाउँपालिकावाट निकासी भई जाने कृषिजन्य उत्पादनहरु(स्याउ, आलु, उवा, फापर, सिमी आदि), पशुजन्य (याक, भेडा, च्याङ्ग्रा आदि)को निकासी कर तथा मुक्तिनाथ बजार क्षेत्र भित्र सवारी/ढुवानी साधन (मोटरसाईकल, स्कुटर, कार, जीप, भ्यान, कार, वस, ट्रक आदि) को पार्किङ शुल्क/कर वढीवढाउको माध्यमबाट उठाउने/संकलन गर्ने प्रयोजनको लागि कार्यालयको मिति २०८१/०३/१४ को निर्णय अनुसार आर्थिक वर्ष २०८१/८२ को लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले तपशिल वमोजिमको शर्तहरुको अधिनमा रही ठेक्का लिन चाहने ईच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाले मिति २०८१ साल आषाढ ३० गते कार्यालय समय भित्र यस कार्यालयवाट दरभाउपत्र खरिद गरी मिति २०८१ साल आषाढ ३१ गते दिनको १२ वजेसम्म रीतपूर्वक शिलवन्दी दरभाउपत्र पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरुः-**

१. यस ठेक्का प्रकृयामा भाग लिन ईच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाले सरकारी तिर्न बाँकी रहेको हुन नहुने। संगठित संस्थाको हकमा नविकरण गरेको ईजाजत पत्र पान वा भ्याटमा दर्ता रहेको प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी कार्यालयले उपलब्ध गराएको दरभाउपत्र फाराममा सम्पूर्ण विवरण भरी तल उल्लेखित दस्तुर फिर्ता नहुने गरी प्रभु बैंक लि., कागवेनी शाखामा रहेको यस कार्यालयको राजश्व खाता नं. २०८०१५१४१२७०००१८ मा जम्मा गरेको सक्कल भौचर समेत संलग्न गरी ठेक्का वन्दोवस्तका लागि निवेदन दिई मिति २०८१ साल आषाढ ३० गते कार्यालय समय भित्र यस कार्यालयवाट खरिद गर्न सकिने छ।

२. खरिद गरिएका दरभाउपत्र फाराम मिति २०८१ साल आषाढ ३१ गते दिनको १२ वजेसम्म रीतपूर्वक शिलवन्दी दरभाउपत्र पेश गर्नुपर्ने छ। यसरी पेश हुन आएका दरभाउपत्र सोही दिनको दिउसो २:०० वजे यसै कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिने छ। दरभउपत्रदाता वा निजको प्रतिनिधीको उपस्थित नभएमा पन दरभाउपत्र खोल्न वाधा पर्ने छैन।

३. आफुले पेश गरेको शिलवन्दी दरभाउपत्रको कवोल रकमको २.५ प्रतिशत भन्दा घटी नहुने गरी धरौटी वापतको रकम यस कार्यालयको नाममा प्रभु बैंक, जोमसोम शाखामा रहेको धरौटी खाता नं २०८०१५१४१२७००१७७ मा जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको १३ महिनाको विड सेक्युरिटी (यस कार्यालयमा दरभाउपत्र पेश गरेको) को सक्कलै प्रति संलग्न गरेको हुनु पर्ने छ।

४. कृषिजन्य उत्पादन(स्याउ, आलु, उवा, फापर, सिमी आदि)को वस्तुमा निकासी प्रति ठुलो ट्रकको रु. ५,०००/-, प्रति सानो ट्रकको रु. २,५००/-, प्रति ट्याक्टरको रु. १,५००/- को दरमा नवढ्ने गरी कर संकलन गर्नु पर्ने छ।

५. पशुजन्य (याक, भेडा, च्याङ्ग्रा आदि)को निकासी प्रति याक/चौंरीको रु. ५००/-, प्रति भेडा/च्याङ्ग्राको रु. १०/- को दरमा नवढ्ने गरी कर संकलन गर्नु पर्ने छ।

६. मोटरसाईकल/स्कुटरको रु. २०/-, पिकअप भ्यान/जीप/कार/ट्याक्सीको रु. १००/- र वस/ट्रकको रु. १५०/- को दरमा नवढ्ने गरी पार्किङ शुल्क संकलन गर्नु पर्ने छ।

७. उपरोक्त वमोजिमको शुल्क लिंदा लिएको रकमको निस्सा प्रमाण (रसिद) सम्वन्धित पक्षलाई अनिवार्य रुपमा दिनुपर्नेछ।

८. ठेक्का कवोल अंकको ५० प्रतिशतले हुन आउने रकम सम्झौताको दिनमै र बाँकी अन्तिम किस्ता रकम २०८१ साल जेष्ठ मसान्त भित्र टेकेदारले कार्यालयको नाममा प्रभु बैंक, जोमसोम शाखामा रहेको राजश्व खाता नं २०८०१५१४१२७०००१८ मा जम्मा गरेको सक्कल भौचर बुझाउनु पर्ने छ। तोकिएको समयमा अन्तिम किस्ता रकम नवुझाएमा दैनिक ०.५ प्रतिशतले हर्जना लाग्ने छ।

९. शिलवन्दी वोलपत्र पेश गर्दा तल उल्लेखित रकम भन्दा कवोल रकम अंक न्यून हुनु हुँदैन।

१०. वन्द हड्ताल आदि जुनसुकै अवस्थामा पनि ठेक्का अंकमा छुट वा मिन्हा दिईने छैन।

११. शर्त राखी, कार्यालयको न्यूनतम स्वीकृत रकम भन्दा घटी, म्याद भन्दा पछि प्राप्त वा केरमेट भई पेश हुन आएका दरभाउपत्र स्वतः अस्वीकृत हुनेछ।

**ठेक्काको विवरण संकलन गरिने शुल्क र न्यूनतम कवोल रकमः-**

| आय ठेक्का नं | कर/शुल्क संकलन/लगाउने वस्तु वा क्षेत्र | न्यूनतम स्वीकृत कवोल अंक | निवेदन दस्तुर(फिर्ता नहुने) | न्यूनतम धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| ०१/२०८१/८२ | कृषि र पशुजन्य निकासी कर | रु. १,५०,०००/- | रु. १,०००/- | रु. ३,७५०/- | |
| ०२/२०८१/८२ | मुक्तिनाथ वजार क्षेत्रमा पार्किङ शुल्क | रु. १०,००,०००/- | रु. १,०००/- | रु. २५,०००/- | |

२०८१/०३/१३

होम बहादुर थापा मगर
प्रमुख प्रशासकीय अधिकृत

CamScanner